**२०७४ साल पुस २८ गते शुक्रबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्न बमोजिम छन् :**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- राष्ट्रिय आर्थिक गणना,२०७५ को सूचित आदेश जारी गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- UN Committee for Development Policy को Expert Group Meeting विषयक कार्यक्रममा राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री विष्णुप्रसाद लम्सालसमेतको टोलीलाई भाग लिन स्वीकृति दिने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- SAARC Planning Ministers Meeting कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्षलाई सहभागी हुन स्वीकृति दिने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सचिवको जापान भ्रमण स्वीकृत गर्ने ।

५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- विना विभागीय राज्यमन्त्री मा. रामसिंह यादवको नेदरल्याण्ड भ्रमण स्वीकृत गर्ने विषयको प्रस्ताव फिर्ता गर्ने ।

६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- Can Arctic Council Model Work for the Hindu Kush Himalayan Region विषयक उच्चस्तरीय सम्मेलनमा राष्ट्रिय योजना आयोगका उपाध्यक्षलाई सहभागी हुन स्वीकृति दिने ।

७. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- लोक सेवा आयोगका माननीय सदस्य श्री विन्द्रा हाडा भट्टराईसमेतलाई दक्षिण अफ्रिका भ्रमण गर्न स्वीकृति दिने ।

८. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- सम्माननीय राष्ट्रपतिज्यूको सचिवालय अन्तर्गत सुरक्षा तथा समारोह व्यवस्था सचिवालयमा कार्यरत नेपाली सेनाका ३० जना अधिकृत तथा जवानहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

९. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- कर्णाली विकास आयोगको अस्थायी दरवन्दी स्वीकृत गर्ने ।

१०. अर्थ मन्त्रालय- एसियाली सर्वोच्च लेखापरीक्षण संगठन (एसोसाई) को वातावरणीय लेखापरीक्षण सेमिनार तथा कार्यसमूहको बैठकमा सहभागी हुन उप-महालेखापरीक्षक मोहदत्त तिमिल्सिनासमेतलाई स्वीकृति दिने।

११. अर्थ मन्त्रालय- लाइभस्टक सेक्टर इन्नोभेसन आयोजनाको लागि विश्व बैंकबाट प्राप्त हुने ऋण सहायता स्वीकार गर्ने ।

१२. अर्थ मन्त्रालय- बेरूजू फछ्र्यौट मूल्याङ्कन र अनुगमन समितिको वार्षिक प्रतिवेदनमा उल्लिखित सुझाव एवं सिफारिसहरू कार्यान्वयन गर्ने ।

१३. अर्थ मन्त्रालय- Ninth High Level Tax Conference Program मा अर्थ सचिवलाई सहभागी हुन स्वीकृति दिने।

१४. अर्थ मन्त्रालय- अरूण-३ पावर डेभलप्मेण्ट कम्पनी प्रा.लि. ले निर्माण गर्ने आयोजनाका मिल मेशिनरी,

निर्माण उपकरण र इक्यूप्मेण्टहरू लगतमात्र राखी भन्सार जाँचपास गर्न स्वीकृति दिने।

१५. अर्थ मन्त्रालय- व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने व्याज अनुदानसम्बन्धी कार्यविधि, २०७३ मा संशोधन गर्ने।

१६. उद्योग मन्त्रालय- घरेलु तथा साना उद्योग विकास समितिको कार्यकारी निर्देशक पदमा नविनकुमार झा, रौतहटलाई नियुक्ति गर्ने ।

१७. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय- नेपाल न्याय सेवाको विशिष्ट श्रेणीमा महेन्द्रनाथ उपाध्यायलाई बढुवा नियुक्ति गर्ने ।

१८. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय- महान्यायाधिवक्ताको कार्यालयको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता स्वीकृत गर्ने ।

१९. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय- काठमाडौं उपत्यका विकास प्राधिकरणले दिएको आदेश उपर पुनरावेदन सुन्ने पुनरावेदन समितिको अध्यक्ष हेमराज पन्तलाई तोक्ने ।

२०. कृषि विकास मन्त्रालय-10th Global Forum for Food and Agriculture (GFFA) मा मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने।

२१. कृषि विकास मन्त्रालय- High Level Exposure Visit मा राज्यमन्त्रीको नेतृत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवलाई समावेश गर्ने गरी सहभागी हुन स्वीकृति दिने।

२२. कृषि विकास मन्त्रालय- अवलोकन भ्रमणमा राज्यमन्त्रीको सहभागिता विषयको प्रस्ताव फिर्ता गर्ने ।

२३. कृषि विकास मन्त्रालय- कृषि विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी मापदण्ड, २०७४ स्वीकृत गर्ने ।

२४. कृषि विकास मन्त्रालय- अलैंची विकास नीति, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

२५. खानेपानी तथा सरसफाइ मन्त्रालय- नेपाल खानेपानी संस्थानको सञ्चालक समितिको सदस्यमा भोगेन्द्र मिश्रसमेतलाई नियुक्ति गर्ने ।

२६. खानेपानी तथा सरसफाइ मन्त्रालय- France, Paris मा हुने कार्यक्रममा मा. राज्यमन्त्रीलाई सहभागी हुन स्वीकृति दिने ।

२७. गृह मन्त्रालय- रूपन्देही देवदहका वसन्त पौडेल र दुर्गा तिवारीलाई शहीद घोषणा गर्ने ।

२८. गृह मन्त्रालय- प्रहरी नायव महानिरीक्षक पदको थप दरवन्दी सिर्जना गर्ने ।

२९. गृह मन्त्रालय- राष्ट्रिय अनुसन्धान विभागको प्रादेशिक सङ्गठन संरचना र थप दरवन्दी स्वीकृत गर्ने ।

३०. गृह मन्त्रालय- सशस्त्र प्रहरी बल, नेपालको दरवन्दी हेरफेर तथा थप दरवन्दी स्वीकृत गर्ने ।

३१. परराष्ट्र मन्त्रालय- नेपाल र ब्राजिलको परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्रको बैठकमा परराष्ट्र सचिवलाई सहभागी हुन स्वीकृत दिने ।

३२. परराष्ट्र मन्त्रालय- नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक श्री कुलमान घिसिङलाई विशेष राहदानी जारी गर्ने ।

३३. परराष्ट्र मन्त्रालय- भारतमा हुने रायसिना डायलगको तेश्रो संस्करणमा परराष्ट्र सचिवलाई सहभागी हुन स्वीकृति दिने ।

३४. परराष्ट्र मन्त्रालय- विभिन्न नियोगका कूटनीतिक कर्मचारी र नियोग प्रमुखका अर्दली (Service Staff) को

वैदेशिक भत्ता तथा स्थानीय कर्मचारीहरूको तलब निर्धारण गर्ने ।

३५. भूमिसुधार तथा व्यवस्था मन्त्रालय- नेपाल सरकारका नाममा दर्ता रहेको जग्गाको दर्ता सच्याई गुठी संस्थान श्री स्वयम्भु पुरानो ध्याङ गुठीको नाममा दर्ता गर्न स्वीकृति दिने ।

३६. भूमिसुधार तथा व्यवस्था मन्त्रालय- पदाधिकारी तोक्ने अधिकार प्रत्यायोजन गर्ने ।

३७. भूमिसुधार तथा व्यवस्था मन्त्रालय- गुठी संस्थान संचालक समितिको अध्यक्षमा श्री मिनराज चौधरी, बर्दिया र प्रशासक पदमा श्री नारायण चौधरीलाइ नियुक्ति गर्ने ।

३८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय- श्याम शाहलाई क्षतिपूर्ति रकम उपलब्ध गराउने ।

३९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय- अर्जुन सिंह विष्टलाई क्षतिपूर्ति रकम उपलब्ध गराउने ।

४०. युवा तथा खेलकुद मन्त्रालय- UN-ECOSOC को Youth Forum मा माननीय युवा तथा खेलकुद मन्त्री राजेन्द्र कुमार के .सी.को नेपाली प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृति दिने ।

४१. युवा तथा खेलकुद मन्त्रालय- बुढासुब्बा रेडबुल फुटबल प्रतियोगिता संचालन गर्नका लागि रु सात लाख उपलब्ध गराउने।

४२. रक्षा मन्त्रालय- प्राविधिक महा सेनानी हेगेन्द्र लाल महर्जनलाई प्राविधिक सहायक रथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

४३. रक्षा मन्त्रालय- उपरथी गौरव तण्डुललाई रथी दर्जामा स्थानीय बढुवा गरी UN Force Commander को नियुक्तिमा प्रतिस्पर्धा गर्न स्वीकृति दिने ।

४४. रक्षा मन्त्रालय- प्राविधिक सहायक रथी त्रय डा.ब्रजेन्द्र श्रीवास्तव, डा.ऋषि खत्री र डा.अरुण कुमार न्यौपानेलाई सरुवा गर्ने ।

४५. रक्षा मन्त्रालय- क्यानाडा नेपाल डेभलपमेण्ट फाउन्डेशन क्यानाडाको कन्फरेन्समा प्रमुख अतिथिको रुपमा सहभागी हुन मा.रक्षामन्त्री भीमसेनदास प्रधानलाई स्वीकृति दिने ।

४६. रक्षा मन्त्रालय- सैनिक कमाण्ड तथा स्टाफ तालिममा विदेशी शिक्षार्थीको कोटा बृद्धि गर्ने ।

४७. रक्षा मन्त्रालय- नेपाली सेनाका प्रधान सेनापति राजेन्द्र क्षत्री समेतको भ्रमण दललाई श्रीलंका भ्रमणमा जान स्वीकृति दिने ।

४८. वन तथा भू-संरक्षण मन्त्रालय-चौतारा-लामोसाँघु ३३ के.भी. प्रसारण लाइन निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने।

४९. वन तथा भू-संरक्षण मन्त्रालय-चूनढुङ्गा उत्खननका लागि वनक्षेत्र प्रयोग गर्न दिने ।

५०. वन तथा भू-संरक्षण मन्त्रालय- मुक्त कमैया बस्तीमा रहेका रूखहरू हटाउन स्वीकृति दिने ।

५१. वन तथा भू-संरक्षण मन्त्रालय-औद्योगिक पहुँचमार्गको स्तरोन्नति गर्न वन क्षेत्रको जग्गा प्रयोग गर्ने दिने ।

५२. वाणिज्य मन्त्रालय-जर्मनीको ह्यानोभरमा आयोजना हुने गलैंचाको अन्तराष्ट्रिय प्रदर्शनी (DOMOTEX-2018) मा माननीय वाणिज्य राज्यमन्त्रीलाई भाग लिन स्वीकृति दिने ।

५३. वाणिज्य मन्त्रालय-महत्वपूर्ण व्यावसायिक व्यक्ति छनौट, सम्मान तथा सुविधा सम्बन्धी कार्यविधि, २०७४ स्वीकृत गर्ने ।

५४. वाणिज्य मन्त्रालय-Electronic Cargo Tracking System (ECTS) लाई Pilot Basis मा लागू गर्न तयार

गरिएको प्रोटोकल ( Conditions, Modalities and Simplified Procedure) अनुमोदन गर्ने ।

५५. शान्ति तथा पुनर्निर्माण मन्त्रालय- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका कर्मचारीहरूलाई प्रोत्साहन भत्ता उपलव्ध गराउने ।

५६. शिक्षा मन्त्रालय- ग्लोवल पार्टनरसिप फर एजुकेशन फाइनान्सिङ् कन्फरेन्समा सहभागी हुन सचिवलाई स्वीकृति दिने ।

५७. श्रम तथा रोजगार मन्त्रालय- How Immigrants Contribute to Developing Countries' Economies" विषयक कार्यक्रममा सहभागी हुन सचिव श्री लक्ष्मण प्रसाद मैनालीलाई सहभागी हुन स्वीकृति दिने ।

५८. श्रम तथा रोजगार मन्त्रालय- नेपाल सरकार र गणतन्त्र कोरिया सरकारबीच भएको श्रम समझदारीपत्र नविकरण गर्ने ।

५९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय- सोनाम, ग्याल्पो र तमु ल्होसार पर्वका लागि पाँच/पाँच लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

६०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय- करम पर्व र रघुदास उँराउ स्मृति प्रतिष्ठान, सुनसरीलाई पाँच / पाँच लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

६१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय- बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्षमा शालिग्राम सिंह, काठमाडौं र सदस्यहरूको नियुक्ति गर्ने ।

६२. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय- ब्यास नगरपालिकामा हरियाली पार्क, बसपार्क र रंगशाला निर्माणको लागि जग्गा अधिग्रहण गर्न रू १० करोड बजेट निकासा गर्ने ।

६३. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय- मलेसियाको क्वालालम्पुरमा आयोजना हुने थारू माघी महोत्सवमा मा. राज्यमन्त्रीलाई सहभागी हुन स्वीकृति दिने ।

६४. सहकारी तथा गरिबी निवारण मन्त्रालय- साझा सेवा (सहकारी संस्था लि.) पुल्चोकको स्थायी सम्पत्ति (जग्गा) बिक्रि गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

६५. सहकारी तथा गरिबी निवारण मन्त्रालय- समस्याग्रस्त सहकारी संस्था वा सङ्घको व्यवस्थापन गर्न गठित व्यवस्थापन समिति र कार्यक्षेत्रगत शर्त स्वीकृत गर्ने ।

६६. सामान्य प्रशासन मन्त्रालय- निजामती सेवा नियमावली, २०५० को अनुसूची २क. संशोधन गर्ने ।

६७. सामान्य प्रशासन मन्त्रालय- राजराजेश्वर त्रिवेदीलाई पाँच लाख थप आर्थिक सहायता उपलब्ध गराउने ।

६८. सामान्य प्रशासन मन्त्रालय- प्रेमभक्त थापालाई थप आर्थिक सहायता एक लाख अठ्चालीस उपलब्ध गराउने ।

६९. सामान्य प्रशासन मन्त्रालय- गोपालप्रसादलाई कुर्मीलाई पाँच लाख थप आर्थिक सहायता उपलब्ध गराउने

७०. सामान्य प्रशासन मन्त्रालय- सुरेन्द्रराज थापालाई पाँच लाख थप आर्थिक सहायता उपलब्ध गराउने ।

७१. सामान्य प्रशासन मन्त्रालय- झुमा बस्नेतलाई पाँच लाख थप आर्थिक सहायता पाँच लाख उपलब्ध गराउने ।

७२. सामान्य प्रशासन मन्त्रालय- स्वेच्छिक अवकाश सम्बन्धी सूचना राजपत्रमा प्रकाशित गर्ने ।

७३. सामान्य प्रशासन मन्त्रालय- शान्तिदेवी दाहाललाई पाँच लाख थप आर्थिक सहायता उपलब्ध गराउने ।

७४. सूचना तथा सञ्चार मन्त्रालय- न्यूनतम पारिश्रमिक निर्धारण समितिको अध्यक्ष पदमा श्री गंगाधर पराजुलीलाई नियुक्ति गर्ने ।

७५. सूचना तथा सञ्चार मन्त्रालय- नेपाल दूरसञ्चार प्राधिकरणको सदस्य (कानुन) पदमा श्री हेमकुमार श्रेष्ठलाई नियुक्ति गर्ने ।

७६. सूचना तथा सञ्चार मन्त्रालय- Australia को Queensland मा हुने Solution Event मा सचिवलाई भाग लिन स्वीकृति दिने ।

७७. सूचना तथा सञ्चार मन्त्रालय- दूरसञ्चार सम्बन्धी विधेयक तर्जुमा गर्न तयार पारिएको अवधारणापत्र स्वीकृत गर्ने ।

७८. सूचना तथा सञ्चार मन्त्रालय- सुरक्षण मुद्रण सम्बन्धी मन्त्री र सचिवको अध्ययन भ्रमणलाई समर्थन गर्ने ।

७९. सूचना तथा सञ्चार मन्त्रालय- नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्षको कार्य अविधि तोक्ने ।

८०. स्वास्थ्य मन्त्रालय- मृगौला, क्यान्सर रोगी र स्पाईनल इन्जुरी भई पारालाईसिस भएका बिरामीलाई जीविकोपार्जन भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७४ स्वीकृत गर्ने ।

८१. स्वास्थ्य मन्त्रालय- माल्दिभ्समा भएको कार्यक्रममा माननीय स्वास्थ्य राज्यमन्त्रीको भ्रमण समर्थन गर्ने ।

**द्रष्टव्यः निर्णयसंग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**

२०७४ साल पुस २१ गते शुक्रबारका दिन बसेको मन्त्रिपरिषद्को **बैठकबाट भएका** निर्णयको मुख्य व्यहोरा निम्न बमोजिम छन् :

१. गृह मन्त्रालय- नेपालको संविधानको धारा ८६ को उपधारा (२) को खण्ड (क) बमोजिम निर्वाचित हुने राष्ट्रिय सभा सदस्यको निर्वाचनका लागि राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ को दफा ५ को उपदफा (१) बमोजिम २०७४ माघ २४ गते बुधबार निर्वाचन हुने गरी निर्वाचन मिति तोक्ने ।

२. गृह मन्त्रालय- शीतलहर तथा चिसोका कारण बढी प्रभावित झापा, सुनसरी, मोरङ्ग, सप्तरी, उदयपुर, सिराहा, धनुषा, सार्लाही, महोत्तरी, रौतहट, बारा, पर्सा, नवलपरासी (बर्दघाटसुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिल्वस्तु, दाङ्ग, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र चितवनलगायतका २२ जिल्लाहरुमा कम्बल तथा दाउरा वितरण गर्ने प्रयोजनका लागि प्रति जिल्ला रु. १०(दश) लाखका दरले केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट रकम उपलब्ध गराउने । यस बमोजिमको रकम रु. २(दुई) करोड २०(बीस) लाख अर्थ मन्त्रालयले गृह मन्त्रालयलाइ निकासा दिने।

३. शान्ति तथा पुनर्निर्माण मन्त्रालय- नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (पहिलो संशोधन) अध्यादेश, २०७४ " जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने ।

**द्रष्टव्यः निर्णयसंग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।**

२०७४ साल पुस १३ गते बिहीबारका दिन बसेको मन्त्रिपरिषद्को **बैठकबाट भएका** निर्णयको मुख्य व्यहोरा निम्न बमोजिम छन् -

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- अरूण तेस्रो जलविद्युत आयोजनाको पहुँचमार्ग अन्तर्गतको जग्गाको छूट मुआव्जा उपलब्ध गराउने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, सार्वजनिक खरिद अनुगमन कार्यालय र राष्ट्रिय सतर्कता केन्द्रको कार्य सम्पादनमा आधारित प्रोत्साहन भता स्वीकृत गर्ने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- भूकम्प प्रभावित जिल्लाहरुमा खटिने कर्मचारीहरुलाई प्रोत्साहन भत्ता र गाउँपालिका र नगरपालिकाहरुमा खटिने प्राविधिक कर्मचारीहरुलाई परिवहन भत्ता उपलब्ध गराउने ।

४. अर्थ मन्त्रालय- नेपाल कानून अयोगका पदाधिकारीहरूलाई सिंगापुर तथा मलेशिया भ्रमणमा जान स्वीकृति दिने ।

५. अर्थ मन्त्रालय- काठमाडौं विश्वविद्यालयमा अनुसन्धान तथा विकास केन्द्र स्थापनाका लागि कोरिया सरकारले प्रदान गर्ने अनुदान सहायता स्वीकार गर्ने ।

६. अर्थ मन्त्रालय- व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (EVENT) को दोस्रो चरण कार्यान्वयनका लागि विश्व बैंकले प्रदान गर्ने ऋण सहायता प्राप्त गर्ने ।

७. अर्थ मन्त्रालय- एकल खाता कोष प्रणाली लागू भएका कोष तथा लेखा नियन्त्रक कार्यालयहरूमा कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

८. अर्थ मन्त्रालय- निवृत्तभरण व्यवस्थापन कार्यालयमा कार्यरत कर्मचारीहरूलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

९. अर्थ मन्त्रालय- महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरूलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

१०. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय- सर्वोच्च अदालतका माननीय न्यायाधीशलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलव्ध गराउने।

११. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय- सर्वोच्च अदालत, न्याय परिषद् र न्याय सेवा आयोगको सचिवालयमा कार्यरत कर्मचारीहरुलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलव्ध गराउने ।

१२. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय- जिल्ला न्यायाधीशको दरबन्दी सिर्जना तथा मिलान गर्ने ।

१३. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय- वाणिज्य इजलास गठन गर्ने ।

१४. कृषि विकास मन्त्रालय- खाद्य पदार्थहरूको निर्धारित गुणस्तर नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

१५. खानेपानी तथा सरसफाइ मन्त्रालय- फ्रान्सको पेरिसमा हुने कार्यक्रममा सहभागी हुन मा. राज्यमन्त्रीलाई स्वीकृति दिने ।

१६. गृह मन्त्रालय- राष्ट्रिय परिचयपत्रमा रहने सुरक्षण चिह्नसहित परिचयपत्रको ढाँचा स्वीकृत गर्ने ।

१७. गृह मन्त्रालय- मिरा कटुवाललाई रु. दश लाख आर्थिक सहायता उपलब्ध गराउने ।

१८. गृह मन्त्रालय- राजेन्द्रमान श्रेष्ठलाई रु. दश लाख आर्थिक सहायता उपलव्ध गराउने ।

१९. गृह मन्त्रालय- विवेक ऐडीको नजिकको हकदारलाई रु. दश लाख आर्थिक सहायता उपलब्ध गराउने ।

२०. गृह मन्त्रालय- नेपाल र संयुक्त राज्य अमेरिकाबीच भिसा पारस्पारिकता कायम गर्ने ।

२१. गृह मन्त्रालय- अजव सिं विष्टसमेत तीन सय पैंतालिस जनालाई आर्थिक सहायता उपलब्ध गराउने ।

२२. जनसंख्या तथा वातावरण मन्त्रालय- 2018 Asia Pacific Clean Air Partnership Joint Forum विषयक कार्यक्रममा सचिवलाई सहभागी हुन स्वीकृति दिने ।

२३. परराष्ट्र मन्त्रालय- नेपाल र डेनमार्कका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने ।

२४. परराष्ट्र मन्त्रालय- नेपाल र पोर्चुगलका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने ।

२५. परराष्ट्र मन्त्रालय- नेपाल र क्यानाडाका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने ।

२६. परराष्ट्र मन्त्रालय- अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

२७. भूमिसुधार तथा व्यवस्था मन्त्रालय- प्युठान जिल्लाको सदरमुकाम खलङ्गा स्थित मालपोत र नापी कार्यालयको कार्यक्षेत्र संशोधन गर्न स्वीकृति दिने ।

२८. भूमिसुधार तथा व्यवस्था मन्त्रालय- बर्दिया जिल्ला, राजापुर बजार क्षेत्रमा बसोबास गरी आएका व्यक्तिहरूको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी समिति गठन आदेश, २०७४ स्वीकृत गर्ने ।

२९. भूमिसुधार तथा व्यवस्था मन्त्रालय- नेपाल सरकारको नाममा दर्ता कायम भएको जग्गा हिमालय उर्जा विकास कम्पनी लिमिटेडलाई लिजमा उपलब्ध गराउन स्वीकृत दिने ।

३०. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय- International Maritime Organization (IMO) को सदस्य शुल्क भुक्तानी गर्ने ।

३१. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय- National Integration Day 2018 मा राज्यमन्त्री सहभागी हुने ।

३२. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय- Award Ceremony and Fund Raising Event मा मन्त्री सहभागी हुने ।

३३. रक्षा मन्त्रालय- भारतीय स्थल सेनाको सेनाध्यक्षलाई निमन्त्रणा गर्ने ।

३४. रक्षा मन्त्रालय- Asia Pacific Intelligence Chief Conference – 2018" नेपालमा आयोजना गर्न सैद्धान्तिक स्वीकृति दिने ।

३५. रक्षा मन्त्रालय- प्राविधिक सहायक रथी डा. शशी राईलाई प्राविधिक उपरथी दर्जामा पदोन्नति गर्ने ।

३६. रक्षा मन्त्रालय- मित्रराष्ट्र म्यानमारबाट प्राप्त हुने हतियार नेपाली सैनिक संग्रहालयमा सजावटका

लागि राख्ने गरी उपहार ग्रहण गर्ने स्वीकृति दिने ।

३७. रक्षा मन्त्रालय- महासेनानी प्रदिप जंग के.सी.समेत १४ जना महासेनानीहरूलाई सरुवा गर्ने ।

३८. रक्षा मन्त्रालय- पाईलट महासेनानी आशिष नरसिंह राणाको पदावधि थप गर्ने ।

३९. रक्षा मन्त्रालय- पाईलट महासेनानी सुवर्ण विष्टको पदावधि थप गर्ने ।

४०. रक्षा मन्त्रालय- सहायक रथी झंकरबहादुर कडायतलाई उपरथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने तथा उपरथी द्वय शरदकुमार गिरी र शिवराम खरेललाई सरुवा गर्ने ।

४१. रक्षा मन्त्रालय- प्राविधिक महासेनानी रामधर सिंहलाई प्राविधिक सहायक रथी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

४२. वन तथा भू-संरक्षण मन्त्रालय- कालीगण्डकी कोरिडोर २२० के.भी. (दाना-कुश्मा) प्रसारण लाईन निर्माण गर्न वन क्षेत्र प्रयोग गर्न दिने ।

४३. वन तथा भू-संरक्षण मन्त्रालय- सोलु कोरिडोर १३२ के.भी. प्रसारण लाइनको निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

४४. वन तथा भू-संरक्षण मन्त्रालय- सिक्टा सिंचाइ आयोजनाको पूर्वी मूल नहर निर्माणका लागि वन क्षेत्र प्रयोग गर्न दिने ।

४५. वन तथा भू-संरक्षण मन्त्रालय- महाकाली पुल निर्माणको क्रममा मध्यवर्ती क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

४६. शिक्षा मन्त्रालय- चिकित्सा शिक्षा सम्बन्धी जाँचबुझ आयोगको म्याद थप गर्ने ।

४७. शिक्षा मन्त्रालय- नेपाल र एशियाली अनुसन्धान केन्द्रलाई अक्षय कोष स्थापनार्थ र पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको सालिक निर्माणका लागि अनुदान उपलब्ध गराउने ।

४८. शिक्षा मन्त्रालय- नेपाल संस्कृत विश्वविद्यालयको दरबन्दी स्वीकृत गर्ने ।

४९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय- जापानमा आयोजना हुने Tamu Lhosar-2017 मा राज्यमन्त्रीलाइ सहभागी हुन स्वीकृति दिने ।

५०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय- ब्राजिलमा हुने अन्तर्क्रिया र अध्ययन भ्रमण कार्यक्रममा सचिवलाइ सहभागी हुन स्वीकृति दिने ।

५१. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय- अस्थायी दरबन्दी सिर्जना गर्ने ।

५२. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय- गाउँपालिका र नगरपालिकाको नाम वा केन्द्र परिवर्तन गर्न स्वीकृति दिने ।

५३. सहकारी तथा गरिबी निवारण मन्त्रालय- Study Tour to Germany and Netherlands on the Cooperative Business Model and its Support Systems मा सचिवलाइ सहभागी हुन स्वीकृति दिने ।

५४. सामान्य प्रशासन मन्त्रालय- वैकुण्ठ अर्याललाई विशिष्ट श्रेणीको सचिव पदमा कायम मुकायम मुकरर गर्ने ।

५५. सिंचाइ मन्त्रालय- भूमिगत जल सिंचाइ निर्देशनालय, चितवनमा कार्यरत लेखापाल चन्द्रप्रसाद शर्मालाई उपचारका लागि चार लाख थप आर्थिक सहायता उपलव्ध गराउने ।

५६. सिंचाइ मन्त्रालय- विकास आयोजना/कार्यक्रमको लागि अस्थायी दरबन्दी स्वीकृति गर्ने ।

५७. सूचना तथा सञ्चार मन्त्रालय- विज्ञापन सम्बन्धी विधेयक तर्जुमा गर्न तयार पारिएको अवधारणापत्र स्वीकृत गर्ने ।

५८. स्वास्थ्य मन्त्रालय- सरकारी अस्पतालबाट विशेषज्ञ सेवा विस्तार गर्ने सम्बन्धी निर्देशिका, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

५९. स्वास्थ्य मन्त्रालय- मृगौला, क्यान्सर रोगी र स्पाईनल इन्जुरी भई पारालाईसिस भएका बिरामीलाई जिविकोपार्जन भत्ता उपलब्ध गराउने ।

६०. स्वास्थ्य मन्त्रालय- राष्ट्रिय नर्सिङ तथा मिडवाईफ्री नीति, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

६१. स्वास्थ्य मन्त्रालय- राष्ट्रिय स्वास्थ्य नीति, २०७४ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।

६२. स्वास्थ्य मन्त्रालय- हालको मानव अंग प्रत्यारोपण केन्द्रको नाम परिवर्तन गरी धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र कायम गर्ने ।

६३. नेपाल स्वास्थ्य सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा समितिको सिफारिसअनुसार बाह्रौं तहका डा. पुष्पा चौधरीलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गरी स्वास्थ्य मन्त्रालयको सचिव पदमा पदस्थापन गर्ने ।

६४. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरुलाई देहायबमोजिम सरुवा गर्ने –

| क्र.सं | नाम, थर | साविक पद र कार्यालय | सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| 1. | श्री कृष्णराज बि.सी. | सचिव, खानेपानी तथा सरसफाइ मन्त्रालय | सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय |
| 2. | श्री गजेन्द्रकुमार ठाकुर | सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय | सचिव, खानेपानी तथा सरसफाइ मन्त्रालय |

६५. तराई, मधेश र थरूहट लगायतका घटनाहरूको सत्य तथ्य छानविन सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोगले नेपाल सरकार समक्ष पेश गरेको प्रतिवेदन आवश्यक कारबाहीका लागि गृह मन्त्रालयमा लेखी पठाउने ।

६६. रानी पोखरीको ऐतिहासिक, सांस्कृतिक एवं पुरातात्विक महत्त्वलाई कायम राख्दै पुरातत्व विभागले स्वीकृत गरेको मापदण्ड बमोजिम निर्माण कार्य अगाडि बढाउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र काठमाडौं महानगरपालिकालाई निर्देशन दिने ।

६७. काठमाडौंमा सम्पन्न T-20 Tri-series Championship विजेता नेपाली ह्विलचियर क्रिकेट एशोसिएसनका व्यवस्थापक, कोच र खेलाडीहरूलाई प्रोत्साहन स्वरूप जनही एक लाख रूपैयाँका दरले पुरस्कृत गर्ने । उक्त रकम अर्थ मन्त्रालयले युवा तथा खेलकुद मन्त्रालयमार्फत निकासा दिने ।

**द्रष्टव्यः निर्णयसंग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।**